# विदुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
बाग्मती प्रदेश, नेपाल

**आ.व. २०७८/०७९ को लागि ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी लगायत सामाग्रीको संकलन, आन्तरिक बिक्री तथा बाह्य कर र कवाडी तथा अन्य सामाग्रीको निकासी कर, दस्तुर उठाउने ठेक्का वन्दोवस्तीको लागी बोलपत्रआव्हान सम्बन्धी ७ दिने सूचना**

(चौथो पटक प्रकाशित मिति (२०७८/१०/०३)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११ उपदफा २ घ (६) तथा सार्वजनिक खरिद ऐन तथा नियमावली, आर्थिक कार्यविधी ऐन/नियमावली, ढुंगा गिट्टि तथा वालुवा उत्खनन,विक्रि तथा व्यवस्थापन सम्वन्धि मापदण्ड २०७७ मा भएको व्यवस्था वमोजिम तोकिएको स्थानहरुबाट स्विकृत मापदण्ड वमोजिम वागमती प्रदेश सरकार को आर्थिक ऐन २०७८ विदुर नगर पालिकाको नवौ नगरसभा र यस विदुर नगरपालिका कार्यपालिकाको मिति २०७८।०९।०८ को निर्णयानुसार तपशिलमा उल्लेखित नगरपालिका क्षेत्र भित्र रहेका ,कवाडी ,इट्टा,माटो,व्लक,काठ, लगायतका सामाग्रीको आ व ०७८।७९ को वाकी अवधि सम्मको लागी ठेक्कावन्दोवस्त गर्नु पर्ने भएकाले इर्च्छुक ,व्यक्ति ,फर्म, वा कम्पनीहरुले फर्म वा कम्पनीको नविकरण भएको प्रमाण पत्रको ,मुल्यअभिवृद्धि कर दर्ता प्रमाण पत्र,आ व०७७।७८ सम्म कर चुक्ता प्रमाण पत्र ,व्यक्ति भएमा नेपाली नागरिकता प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपशिल वमोजिमका शर्तहरुको अधिनमा रहि वोलपत्र पक्रियामा सहभागी हुन सम्वन्धित सबैको जानकारीका लागी यो सुचना प्रकाशन गरिएको छ ।

तपशिल

| ठेक्का नं. | विवरण शिर्षक | वार्षिक उत्खनन परिमाण (घ.मी.) | कुलन्यूनतमक बोलअंक (मु.अ.क. बाहेक) | धरौटि रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| BM/NCB/ Revenue/ Re-07समुहग / 2077-078 | विदुर नगरपालिकाको क्षेत्राधिकारमा संकलन र विक्री निकासी हुने ब्लक, ह्युमपाइप, रिङ, माटो, सिमेन्ट टायल आदिपदार्थहरु, कवाडी र अन्य वस्तुहरु संकलन, विक्री तथा निकासी कर असुल गर्ने कार्य । (समुह क र ख को अधिकार क्षेत्र वाहेकको ) | | ८५००००।०० | कवोल अंकको ५ प्रतिशत | रु.१०००। |

शर्तहरु

१ इच्छुक.फर्महरुले नविकरण भएको दर्ता प्रमाण पत्र,मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ व ०७७।७८ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु र व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणित प्रतिलिपी समेत र वोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगद तिरेको रसिद वा नेपाल बैंक लि शाखा कार्यालय त्रिशुलीमा रहेको यस कार्यालयको खाता नं.०२६०३००००१००१००००४ मा (फिर्ता नहुनेगरी)नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सुचना

प्रकाशन भएको मितिले ७ औ दिनको कार्यालय समय भित्र कार्यालयबाट वोलपत्र फाराम खरिद गर्न सकिनेछ । hardcopy पेश गर्ने व्यवस्था गरिएको छ ।

२ तोकिएको वोलपत्र दस्तुर  यस कार्यालयमा नगद तिरेको रसिद वा यस कार्यालयको नेपाल बैक शाखा कार्यालय त्रिशुली मा रहेको आन्तरिक राजश्व खाता नं..०२६०३०००००१००१०००००४ मा (फिर्ता नहुनेगरी)जम्मा गरेको भौचरलाई वोलपत्र सम्वन्धि कागजात साथ संलग्न गर्नु पर्नेछ ।

३. वोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा  सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

४.वोलपत्र सम्वन्धि फाराम भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।अंक र अक्षरमा  फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

५ आफुले कवोल गरेको अंकको ५ प्रतिशतका दरले हुन आउने धरौटि रकम यस कार्यालयको नेपाल बैक लि शाखा कार्यालय त्रिशुलीमा रहेको धरौटी खाता नं.०२६०३००००००३०००००००००४ मा जम्मा गरी सोको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा वोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको विड वण्ड सिलवन्दी खाम पेश गर्नु पर्नेछ ।

६.खरिद गरेको वोलपत्र फारामहरुमा उल्लेख भएको सवै विवरणहरु भरी वोलपत्रदाताले प्रत्येक पानामा सहिछाप गरी सिलवन्दि गरी खामवाहिर फर्मको नाम,ठेगाना,कामको विवरण। वोलपत्रविवरण प्रोपराइटरको नाम ,ठेगाना ,फोन नं. ,मोवाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाइ चौथो पटक सुचना प्रकाशित भएको मितिले ८ औ दिनको १२ वजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नु पर्नेछ ।

७ एक फर्म वा संस्थाको नाममा खरिद  गरिएको वोलपत्र अर्को फर्म वा संस्थाका नाम बाट दाखिला गर्न पाइने छैन ।

८. रितपुर्वक पर्न आएका वोलपत्र सम्वन्धि कागजातहरु पेश गर्ने अन्तिम दिनको २ वजे देखि विभिन्न कार्यालयका प्रतिनिधि,वोलपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै वोलपत्र दाता वा निजका प्रतिनिधिहरुको समयमा उपस्थित नभएमा वोलपत्र खोल्न बाधा पर्ने छैन ।उक्त दिन विदा परेमा सो कार्य विदाको लगतै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

०९.वोलपत्र सम्वन्धि विस्तृत जानकारी वोलपत्र सम्वन्धि फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिक बाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१०.म्याद नाघी ,रीत नपुगी वा शर्त सहित  पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्यहुने छैन । वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धि सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११ वोलपत्र स्वीकृत भएमा सोको सुचनापाएको मितिले ७ दिनभित्र मु अ  कर दर्ता प्रमाण पत्र समेत लिई  सम्झौता गर्दाका बखत कबोल  रकम अग्रिमएकमुष्ट बुझाएमा १० प्रतिशतसम्म छुट दिन सकिनेछ । सो नभए प्रथम किस्ता बापतको ४० प्रतिशत रकम र मु.अ.कर समेत सम्झौता गर्दाको बखत अग्रिम रुपमा अनिवार्य वुझाउन पर्नेछ ।,दोस्रो किस्ता वापत कवोल रकमको ६० प्रतिशतले हुने रकम र मु.अ. कर समेत सम्झौताअवधि समाप्त भएको ३५ दिन पछि सम्म म्याद भएको नेपाल राष्ट्र बैकबाट मान्यताप्राप्त वाणिज्य बैकबाट जारी गरिएको बैक जमानत पेश गरेपछि मात्र ठेक्का सम्झौता गरिनेछ र ६० प्रतिशत रकम र मु अ  कर समेत असार १५ गते भित्र दाखिला गरिसक्नु पर्नेछ । म्याद भित्र नवुझाएमा वैक जमानत बाट असुल उपर गरी आवश्यक कारवाही गरिनेछ ।साथै वोलपत्र कवोल गर्ने व्यक्ति वा फर्मले आफुले कवोल गरेको अंक वापत हुनआउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट समेत यस कार्यालयमा वुझाउन पर्नेछ र मु अ कर मा छुट सुविधा हुने छैन ।

१२ नियमानुसार नेपाल सरकारलाई बुझाउन आयकर तथा अन्य कर वोलपत्रदाताले छुटै बुझाउन पर्नेछ ।

१३ नियमानुसार म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटि जफत गरी कानुन वमोजिम वोलपत्र वन्दोवस्त गरिनेछ ।

१४. ईट्टाको हकमा नगरमा उत्पादित स्थानीय इट्टामा मात्र कर संकलन गर्न पाईनेछ ।
१५. उठाइने करका दरहरु बोल पत्र फाराम साथ उपलब्ध गराइनेछ ।
१६. कुनै पनि परिस्थितीजन्य कारण देखाई ठेक्का रकममा मिनाहा वा छुट दावी गर्न पाइने छैन

१७. विदुर नगरपालिका र वोलपत्रदाता वा समुह क ,समुह ख र समुह ग विचमा क्षेत्राधिकारका विषयमा विवाद उत्पन्नभएमा आपसी समझदारी मा समाधान गरिनेछ आपसी समझदारीमा समाधान नभएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१८.वोलपत्रदाताले कवोल गरेको मुल्य सम्झौता भएको दिन देखी को मानिनेछ ।

१९.यस नगरपालिकाको उल्लेखित परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४,यस नगरपालिका बाट जारी भएका कानुन, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड वमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरिणय अध्ययन प्रतिवेदन र वोलपत्र फाराममा भएका विषयहरु यस वोलपत्र सम्झौताको अभिन्न अंग मानिने छ ।

२०. वोलपत्रदाताले नगरपालिकाको स्विकृत गरेको दरमा मात्र शुल्क उठाउन पाउने छ ।

२१. यस सुचनामा उल्लेख भएका विषय यसै सुचना वमोजिम र उल्लेख नभएका विषयहरु प्रचलित संघिय,प्रदेश तथा स्थानीय कानुन वमोजिम हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत
विदुर नगरपालिका